हिमाली सुस्केरा

राष्ट्रिय साप्ताहिक

वर्ष : २३, अङ्क : २२, २०८१ फागुन २५ गते आइतवार (9 March 2025) मूल्य रु. २०।-



अन्तराष्ट्रिय नारी दिवस: अन्तराष्ट्रिय नारी दिवसको अवसरमा जिल्ला समन्वय समिति डोल्पा र डोल्पाका विभिन्न स्थानीय तहहरुले विविध कार्यक्रम गरेर भव्य रुपमा सफल रुपमा दिवस मनाइदै ।

मुलुक अब आत्मनिर्भरताको बाटोमा लाग्नुको विकल्प छैन

सुस्केरा समाचारदाता

महोत्तरी, फागुन - प्रधानमन्त्री केपी शर्मा ओलीले मुलुक अब आत्मनिर्भर ताको बाटोमा लाग्नुको विकल्प नभए को बताउनुभएको छ ।

महोत्तरीको गौशाला नगरपालिका-१, रामनगरमा बुधबार नेपाल पल्प एण्ड पेपर इण्डष्ट्रिजको उद्घाटन गर्दै उहाँले औद्योगिक विकास र रोजगारी सृजना मा प्राथमिकता दिइने बताउनुभयो ।

उहाँले भन्नुभयो, “अब हामी आत्म निर्भरताको बाटोमा लाग्नुको विकल्प छैन । सहकार्यका माध्यमबाट युवाहरूले आँपको खेती विकास गर्न सक्छन्, यसमा प्रदेश सरकार पनि अघि सरुन् ।”

प्रधानमन्त्री ओलीले निजी क्षेत्रको प्रयास बिना समृद्धि हासिल नहुनेमा सरकार स्पष्ट रहेको बताउनुभयो ।

प्रधानमन्त्री ओलीले कागज उद्यो ग स्थापनाले चुलोचौकोमा सीमित सर्वसाधारणले सीप सिक्नुका साथै रोजगारी सृजना हुने बताउनुभयो ।

आफ्नै कागज देशभित्र प्रयोग गने अवसर र व्यापार घाटा सन्तुलनका लागि यस उद्योगले योगदान दिई आत्मनिर्भर बनाउन सहयोग गर्ने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

प्रधानमन्त्री ओलीले वर्तमान सरकार केवल सरकारका लागि नभएर देश बनाउन आएको बताउनुभयो । उहाँले हुलाकी राजमार्ग, सुनकोसी मरिनलगा यतका योजना छिटो सम्पन्न गर्ने प्रतिबद्धता जनाउनुभयो ।

.... .पेज नं. ८ मा

डोल्पामा एच.पि.भि. खोप अभियान

सुस्केरा समाचारदाता

डोल्पा, फागुन - महिलाहरुको पाठेघरको मुखको क्यान्सरबाट जोगाउनका लागि गएको विहिवारबाट डोल्पामा एच.पि.भि. खोप अभियान सुरु भएको छ ।

डोल्पाका सबै स्थानीय तहका विद्यालयहरुमा कक्षा ६ देखि १० कक्षा सम्म अध्ययन गर्ने छात्राहरु र १० वर्षदेखि १४ वर्षसम्मका विद्यालय बारिह रहेका किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सर नहोस भन्ने हेतुले एच.पि.भि. खोप अभियानको जिल्ला समन्वय समिति डोल्पाका प्रमुख श्यामबहादुर रोकायाले गएको बिहिवार उद्घाटन गर्नु भयो ।

जिल्ला सदरमुकाम दुनैमा रहेको सरस्वति माध्यमिक विद्यालय दुनैमा रहेको खोप खेन्द्रमा जिल्ला समन्वय समितिका प्रमुख रोकायाले ब्यानर खोल्नुका साथै पढेर एच.पि.भि. खोप अभियानको उद्घाटन गर्नु भएको हो ।

यस अभियानको लक्षित समुह विद्यालयमा अध्ययनरत कक्षा ६ देखि १०

.... .पेज नं. ८ मा

माओवादी केन्द्रको वडा अधिवेशन

सुस्केरा समाचारदाता

डोल्पा, फागुन - नेकपा (माओवादी केन्द्र) ठुलीभेरी नगरपालिका १० वडा कमिटीको तेश्रो वडा अधिवेशन सम्पन्न भएको छ । बुधबार जिल्ला समन्वय समिति डोल्पाको सभाकक्षमा नेकपा (माओवादी केन्द्र)की केन्द्रीय सदस्य एवम् डोल्पा जिल्ला इन्चार्ज काली चलाउनेको प्रमुख आतिथ्यमा भएको वडा अधिवेशन सम्पन्न भएको हो । तेश्रो अधिवेशनले नव प्रवेशी अनिल विकको अध्यक्षतामा ११ सदस्यीय वडा कमिटी सर्वसम्मतिले गठन गरिएको छ ।

वडा अधिवेशनको अवसरमा ठुलीभेरी नगरपालिका १० रह परिलाका सक्रिय युवा अनिल विक, विजय विक, दीपक विक, हेमन्त विक, उषा विक, शुशिला विक, पवन कार्की, रामचन्द्र उखेडा,

.... .पेज नं. ८ मा

अराजकता घटाउन विधेयक

रासस

काठमाडौँ, फागुन - नेपाल कम्युनिष्ट पार्टी (एमाले)का स्थायी कमिटी सदस्य एवम् जनवर्गीय सङ्गठन समन्वय संयन्त्र प्रमुख भनुभक्त ढकालले सामाजिक सञ्जाल विधेयक मिडिया क्षेत्रको नियन्त्रण गर्न नभई अराजकता घटाउन ल्याउन लागिएको बताउनुभएको छ ।

प्रेस चौतारी नेपाल उपत्यका प्रदेश कमिटीको दोस्रो अधिवेशनको उद्घाटन समारोमा उहाँले विधेयकमा भएका कमजोरी सच्याउन आफूले पनि सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो । उहाँले भन्नुभयो, “बलियो सरकार भएकै बेला सच्याउँ र कार्यान्वयनमा ल्याउँ, बलियो सरकार भएकै बेला काम गर्न सकिएन भने पछि गर्न सकिदैन ।”

नेता ढकालले सरकार दुई पटक ढल्ने बताउनुभयो । उहाँले भन्नुभयो,

.... .पेज नं. ८ मा

पाँच अध्यादेश दुबै सभाबाट स्वीकृत

सुस्केरा समाचारदाता

काठमाडौँ, फागुन – प्रतिनिधिसभा र राष्ट्रियसभा दुबै सभाबाट पाँचवटा अध्यादेश स्वीकृत भएका छन् । संघीय संसद्का दुबै सदनका हिउँदे अधिवशेनको पहिलो बैठक माघ १८ मा पेस भएका ६ मध्ये पाँचवटा अध्यादेश गएको बुधवार बसेको प्रतिनिधिसभा बैठकले स्वीकृत गरेको हो भने गएको शुक्रवार बसेको राष्ट्रियसभाको बैठकले ती अध्यादेशलाई स्वीकेत गरको हो । सत्तारुढ दलभित्र नै विवाद उत्पन्न भएर राष्ट्रिय सभामा बहुमत नपुग्ने अवस्था आएपछि सरकारले एउटा अध्यादेश भने स्वीकृतीका लागि प्रस्ताव नै सदनमा पेश गरेन ।

प्रतिनिधिसभाको बुधबारको बैठकले र राष्ट्रियसभाको शुक्रवार बसेको बैठकले सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व, निजीकरण र आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि अध्यादेश स्वीकार गरियोस् भन्ने प्रस्ताव बहुमतले पारित

.... .पेज नं. ८ मा

लोकतन्त्रको विकल्प अराजकता हुन सक्दैन: पोखरेल

सुस्केरा समाचारदाता

बागलुङ, फागुन - नेकपा (एमाले) का महासचिव शंकर पोखरेलले लोकतन्त्रको विकल्प अराजकता हुने नसक्ने बताउनुभएको छ । धार्मिक भ्रमणको नाममा पूर्वराजा ज्ञानेन्द्र शाहले देश दौडाहा गरिरहेको प्रति सङ्केत गर्दै पोखरेलले एउटा स्वार्थी जमात ठाउँ ठाउँमा नारा लगाउँदै देशमा फेरि अराजकता सिर्जना गर्न खोजिरहेको बताउनुभयो ।

राजतन्त्रकै कारण देश विकासमा धेरै वर्षपछि धकेलिएको चर्चा गर्दै पोखरेलले भन्नुभयो, “राजा आउ देश बचाउको नारा लगाएर देश बन्छ भन्ने इतिहास नपढेका मुर्ख मात्र हुन् ।” राजतन्त्र फर्काउने नाममा केही अराजक तत्व फेरि सल्बलाउन थालेको र त्यो कहिल्यै सफल नहुने पोखरेलले दावी गर्नुभयो । ठुला दल र लोकतन्त्रलाई कमजोर पार्न राजतन्त्र र माओवादीले देशमा अराजकता सिर्जना गर्ने काम गरिरहेको बताउँदै पोखरेलले भन्नुभयो, ‘लोकतन्त्रको विकल्प अराजकता र निरंकुशता हुने सक्दैन, लोकतन्त्रको थप विकास र परिमार्जन गर्न आवश्यक रहेको छ ।’

माओवादीले दस वर्ष हिंसाको नेतृत्व गर्दा र दस वर्ष जनतालाई भड्काउने काम गर्दा दुई दशक खेर गएको र त्यसको अपजस पनि एमाले र कांग्रेसले बोक्नुपरेको पोखरेलको भनाइ थियो । माओवादीलाई नक्कली मान्छेको जमातको संज्ञा दिँदै बिहीबार नेकपा (एमाले) जिल्ला कमिटी बागलुङले आयोजना गरेको वडा केन्द्रित पार्टी निर्माण अभियानअन्तर्गत जिल्ला स्तरीय अभिमुखीकरण कार्यक्रममा बोल्दै

.... .पेज नं. ८ मा

मुलुक अब . ...

प्रधानमन्त्री ओलीले भन्नुभयो, "अब अराजकता, बलमिच्याँइ र जालझेल चल्दैन ।" उहाँले मुलुकमा अब राज तन्त्र नफर्कने उल्लेख गर्दै सबै संविधा न अनुसार चल्नुपर्नेमा जोड दिनुभयो । आइएमई ग्रुपले स्थापना गरेको यस उद्योग सञ्चालनमा आएसँगै प्रयोग भइसकेका कागजबाट नेपालमै नयाँ कागज उत्पादन गर्न सकिने जनाइ एको छ । जसका कारण कागज आयातमा कमी आउनेछ भने उद्योग ले करिब तीन सयलाई रोजगारी दिने जनाएको छ ।

विभिन्न राजनीतिक दलका नेतृहरूले महिलाको सम्बन्धमा व्यवस्था गरि एका संवैधानिक अधिकारलाई कानुन बनाएर कार्यान्वयन गर्नुपर्ने बताएका छन् । १ सय १५औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका अवसर मा विभिन्न राजनीतिक पार्टी निकट सङ्ग/सङ्गठनद्वारा आज यहाँ आयो जित अन्तरक्रियामा संविधानको धारा, ३८, ७०, ८४, ९१ र ९२ लगायत महिलासँग सम्बन्धित संवैधानिक व्यवस्थालाई जतिसक्दो चाँडो कानुन बनाएर व्यावहारिकरूपमै कार्यान्वयन गर्नुपर्ने माग गरेका हुन् ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी के न्द्र) निकट अखिल नेपाल महिला सङ्ग (क्रान्तिकारी) की अध्यक्ष अमृता थापा मगरले संविधान सशोधनको बहाना मा महिला, दलित तथा उत्पीडित समुदायको अधिकार कटौती गर्ने विष यमा सचेत रहनुपर्ने बताउनुभयो । उहाँले संविधानको धारा, ३८ मा 'प्रत्ये क महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हकको व्यवस्था गरिए पनि व्यवहारिकरूपमा कार्यान्वयन हुन नसकेको भन्दै यसमा सबै गम्भीर बन्नुपर्नेमा जोड दिनुभयो ।

नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको ने पाल कम्युनिष्ट पार्टी निकट अखिल नेपाल महिला सङ्ग क्रान्तिकारीकी अध्यक्ष बन्धु चन्दले पटक पटक संसद र सरकारमा पुर्याइएका नेता तथा पार्टीहरूले नै महिलाका लागि काम अपे क्षाअनुसार काम गर्न नसकेको आरोप लगाउनुभयो । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) निकट अखिल नेपाल महिला सङ्ग (समाजवादी)की अध्यक्ष जयन्ती राईले प्राप्त अधिकार को संरक्षण गर्दै थप अधिकारका लागि महिलाले एकीकृतरूपमा सङ्घर्ष गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

राष्ट्रिय जनमोर्चा निकट अखिल ने पाल महिला सङ्घकी अध्यक्ष मीना पुनले राज्यका सम्पूर्ण क्षेत्रमा महिलाको समानुपातिक सहभागिता सुनिश्चित गर्नुपर्ने माग गर्नुभयो । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका अनुसार सङ्घीय संसदमा ३४ प्रतिशत, प्रदेशसभामा ३६ दशमलव पाँच र स्थानीय तहमा ४१ दशमलव एक प्रतिशत महिलाको सहभागिता रहेको छ । निजामती से वामा हाल करिब २८ प्रतिशत महिला कर्मचारीको प्रतिनिधित्व रहेको छ ।

लोकतन्त्रको विकल्प

पोखरेलले भन्नुभयो, 'माओवादीलाई सत्ता बाहेक सबै कुरा भ्रम हो ।'

राष्ट्रिय स्वतन्त्र पार्टीप्रति लक्षित गदै महासचिव पोखरेलले ट्विटर र फेसबुकले जन्माएका नेताले देशको ने तृत्व गर्न नसक्ने दाबी गर्नुभयो ।

नेपालका राजनीतिक दलले कामै गर्न नपाउँदा जनचाहना अनुसार देशले विकासको गति लिन नसकेको पोखरे लले जिकिर गर्नुभयो । देश बनाउन राजनीतिक स्थायित्व अपरिहार्य रहेको पोखरेलको भनाइ थियो । 'नेपालको लोकतन्त्रमा हामीले हासिल गर्न नसके को सबैभन्दा कमजोर पक्ष भनेको रा जनीतिक स्थायित्वको अभाव हो । दे शलाई अस्थिरताको दुश्चक्रबाट निका ल्न धेरै राजनीतिक दलको आवश्यक ता छैन', पोखरेलले भन्नुभयो ।

राजनीति अस्थिरता सबैभन्दा ठुलो चुनौतीको रूपमा रहेकाले स्थायित्वका लागि एमालेलाई निर्णायक शक्ति बनाउन जनताले सङ्कल्प गर्नुपर्ने बेला आएको पोखरेलले बताउनुभयो । सत्ता गुमाएकाले एमालेविरुद्ध जनतामा भ्रम सिर्जना गरिरहेको बताउँदै पोखरेलले स्थायी सरकारका लागि कांग्रेस-एमाले गठबन्धनको सरकार बनेको प्रष्ट पार्नुभयो ।

कार्यक्रममा एमाले स्थायी कमिटी सदस्य एवं गण्डकी प्रदेश कमिटीका इन्चार्ज किरण गुरुङ, एमाले गण्डकी प्रदेशका अध्यक्ष नवराज शर्मा लगा यतले बोल्नुभएको थियो । एमाले बागलुङले १० स्थानीय तहमा पालिका स्तरीय अभिमुखीकरण, फागुन मसान्तभित्र वडा स्तरीय र चैत मसान्तभित्र टोलसम्म अभिमुखीकरण कार्यक्रम गर्दैछ । यस प्रकार एमालेले देशैभर अभिमुखिकरण चलाएको हो ।

माओवादी केन्द्रको ....

ज्ञान बहादुर कार्की लगाएतले पार्टी प्रवेश गरेको नेकपा माओवादी केन्द्र डोल्पाले जनाएको छ ।

नव प्रवेशि कार्यकर्ताहरुलाई केन्द्रीय सदस्य एवम् डोल्पा जिल्ला इन्चार्ज चलाउनेले खादा र अबिर लगाई पार्टीमा स्वागत गर्दै, डोल्पामा नेकपा (माओबादी केन्द्र) प्रतिको जनआस्था बढ्दै गइरहेको र प्रत्येक अधिवेशनमा दर्जनौंको दरले पार्टी प्रवेश गरिरहेको बताउनु भयो ।

वडा अधिवेशन तथा पार्टी प्रवेश कार्यक्रममा जिल्ला इन्चार्ज चलाउने, नेकपा माओवादी केन्द्रका जिल्ला पार्टी संयोजक धर्मजित बोहोरा, अभियान इन्चार्ज राम बहादुर विक, अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य दन्त बहादुर बुढा मगर, पूर्व अध्यक्ष माल बहादुर रोकाया, युवा नेता कमल बहादुर शाही, जंग बहादुर रोकाया, लगाएतका नेता तथा कार्यकर्ताको उपस्थिति रहेको थियो ।

डोल्पामा एच.पि.भि. खोप ....

सम्मका छात्राहरु र विद्यालय नजाने १० वर्ष देखि १४ वर्ष उमेर समुहका किशोरी हरुको ज्यान पाठेघरको मुखको क्यान्सर बाट जोगाउनका लागि नेपाल सरकारले एच.पि.भि. खोप अभियानकै रुपमा सुरु गरेको उद्घटन मन्तव्य राख्नु हुदै जिल्ला समन्वय प्रमुख रोकायाले बताउनु भयो । खोप अभियान उद्घाटन गर्नु हुँदै समन्वय प्रमुख रोकायाले नागरिकहरुको ज्यान जोगाउन सरकारले खोप अभियान सुरु गरेको र खोप लगाउनबाट कोही पनि नछुटुन भनेर सबैले आ आफ्नो तबरबाट खोप अभियानलाई सहयोग गर्न आग्रह गर्नुभयो ।

नेपालका अन्य जिल्लामा नेपाल सर कारले गत माघको २२ गतेदेखि फागुन ६ गते सम्म एप.पि.भि. खोप अभियान संचालन गरेको थियो ।

अराजकता घटाउन ....

"एक पटक २०८३ असारमा एमाले अध्यक्ष केपी ओली नेतृत्वको सरकार र २०८४ को निर्वाचनपछि कांग्रेस सभापति शेरबहादुर देउवा नेतृत्वको सरकार ढल्छ ।"

दुई नेता देउवा र ओलीको समझदारी भएसम्म कसैले बोल्दैमा फरक नपने स्थायी कमिटी सदस्य ढकालले बताउनुभयो । आगामी चैत ५ गते हुने स्ववियु निर्वाचनलाई स्वस्थ्य र मर्यादित बनाउन मिडियाबाट सहयो गका लागि उहाँले आग्रह गर्नुभयो ।

एमाले प्रचार तथा प्रकाशन विभाग प्रमुख राजेन्द्र गौतमले लोकतन्त्रका लागि स्वतन्त्र मिडिया आवश्यक रहेको बताउनुभयो । उहाँले त्यसै ले सामाजिक सञ्जाल विधेयक लो कतन्त्रको पक्षमा र मिडियाको पक्षमा हुने बताउनुभयो ।

प्रेस चौतारी नेपालका अध्यक्ष गणे श बस्नेत, एमाले बागमती प्रदेशका उपसचिव भक्तकुमारी लामा, प्रेस चौ तारीका नेता विश्वमणि सुवेदी, प्रेस युनियनका उपाध्यक्ष जीवन भण्डारी, प्रेस सेन्टरका नेता विक्रमरत्न श्रेष्ठ लगायतले प्रेस स्वतन्त्रताको पक्षमा एकताबद्ध हुनपर्नेमा जोड दिनुभयो ।

पाँच अध्यादेश ....

भएका हुन् । यी अध्यादेश मन्त्रिपरि षद्को सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले गत पुस २९ मा जारी गर्नु भएको थियो ।

मन्त्रिपरिषद्बाट सँगै राष्ट्रपति कार्यालय पुगेको भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादे श भने राष्ट्रपतिले माघ २ मा मात्रै जारी गर्नु भएको थियो । भूमिसम्बन्धी अध्यादेशमा विवाद उत्पन्न भएपछि सरकारले स्वीकृतिका लागि प्रस्ताव रा खेन । दुबै सभाबाट स्वीकृत भए पछि अब कानुन संशोधन भएका छन् ।

नैतिक आचरणको पालना गरौं

➢झुट, छलकपटजस्ता अनैतिक क्रियाकलापबाट टाढा रहौं,

➢आफ्नो कर्तव्यप्रति इमान्दार बनौं,

➢असहाय, वृद्ध, अपाङ्गता भएको व्यक्तिलाई सहयोग गरौं,

➢कानुन र विधिको पालना गरौं,

➢भ्रष्टाचार, बेइमानीजस्ता अनैतिक क्रियाकलापविरुद्ध आवाज उठाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक/सम्पादक : विष्णुलाल बुढा
व्यवस्थापक : निराकुमारी बस्नेत
कानुनी सल्लाहकार : रामप्रसाद बुढा
सल्लाहकार : आङबहादुर लामा
लालिमान बुढा
सुरेन्द्र ढकाल
रविलाल खत्री
प्रमुख संवाददाता: वीरबहादुर बुढा
मुद्रक : हिमाली सुस्केरा अफसेट प्रेस
ठुलीभेरी नगारपालिका-३ दुनै, डोल्पा
Email : hsuskera@gmail.com
www.himalisuskera.com.np

सम्पादकीय

दिवस र आत्मिकरण

हामी नेपालीहरुले विभिन्न राष्ट्रिय पर्व र दिवसहरु सकेसम्म भव्य बनाउन प्रयास गर्दै मनाउने गर्दै आएका छौं । वास्तवमा राष्ट्रिय पर्व र दिवसहरुलाई मनाउनु मात्रै ठुलो कुरा होइन । यी विभिन्न राष्ट्रिय पर्व र दिवसहरुले दिन खोजेको सन्देश र सचेतनालाई हाम्रा सर कारहरु, सरकारमा रहेका जनप्रतिनिधिहरु, स्थायी सरकार भनेर चिनिने कर्मचारी तन्त्र र नागरिकले आत्मसाथ गर्नु आवश्यक छ । दिवसको महत्व किन पर्‌यो ? किनकी यसबाट समुदायमा सचेतना फैलियोस, तर यसमा खासै चासो रहेको देखिदैन । समुदायमा यसले एक प्रकार को मनोरञ्जन प्रदान गर्ने साधनका रुपमा मात्र लिने हो भने यसको महत्व घट्दै जाने हो की भन्ने लाग्ने गर्छ ।

हामीले धेरै राष्ट्रिय पर्वहरु मनाउने गरेका छौं, त्यसै गरी दिवसहरु पनि मनाइन्छन् । यसले हाम्रो समुदायलाई सचेत त बनाएको छ । तर पनि जस्तै महिलालाई सम्मान गर्नु पर्छ भन्ने सचेतना फैलाउन का लागि नारी दिवस मनाउने गरिएको हो । यता नारी दिवस मना उदै गर्ने उता आफ्नै घरमा नारीलाई दाषीका रुपमा प्रयोग गर्ने, महिलाहरुलाई उपभोगका रुपमा लिने, नारीलाई प्रयोगको वस्तु ठान्ने वास्तविकता छ । यसबाट हाम्रो समुदाय माथि उठ्न सकेको छैन । वास्तव मै यस प्रकारको चेतना समुदायमा फैलनु पर्छ । नारी दिवसले नारी प्रति सम्मान भाव फैलने प्रकारका सामग्रीहरु पस्कन सक्नु पर्छ नारी दिवसको अवसरमा । नारी दिवसको मात्रै सन्दर्भ लिइएको हो । संविधन दिवस, प्रजातन्त्र दिवस यस्तै यस्तै हाम्रो नेपालमा धेरै दिवस र पर्वहरुलाई भव्य रुपमा मनाउने गरिन्छ ।

वास्तवमै हाम्रो देशमा एउटा देखिने र आर्को गरिने हुने गरेको पाइन्छ । हाम्रा सरकार र शासकहरुले पनि यसबाट सिकेर आफ्नो जीवन र व्यवहारमा तात्वीक फरक ल्याउन सकेका छैनन् । यी राष्ट्रिय पर्व र दिवसहरु मनाउने परम्पराका साथ साथै यसको जीवनोपयोगी पक्षलाई पनि उजागर गर्नु आवश्यक छ । प्रजातन्त्र दिवस मनाउने व्यवहार भने तानाशाह जस्तो हुने, संविधान दिवसलाई भव्य रुपमा मनाउने तर संविधनको कार्यान्वयन तथा पालना गर्नु पर्दा त्यसलाई बेवास्ता गर्ने, संविधान नियम कानुन् एकातिर शासन आर्के तरिकाले चल्ने गर्ने हो भने यस प्रकारका दिवसहरुको कुनै अर्थ छैन भन्न खो जेको । संविधान भित्र रहेर सबै सरकार, जनप्रतिनिधि, कर्मचारी र नागरिकहरुले कार्य व्यवहार गर्नु, संविधानको पालना गर्नु, संविधन भित्र गरिएको व्यवस्था बमोजिम हिड्नु आवश्यक हुन्छ, संविधानको उलंघन गरेमा सजायको भागिदार हुनु पर्छ ।

देखादेख संविधानको व्यवस्था विरुद्धमा गतिविधि भैरहेका छन्, यसरी संविधान विरुद्ध जाने नागरिकहरुको कुरा मात्रै होइन, त्यही संविधानको व्यवस्था बमोजिम चुनिएर गएको जनप्रतिनिधिले खुलेआम गणतन्त्र व्यवस्थाको विरोध गर्छ सरकारले कारवाही गर्न सकेको छैन । यही नेर हो संविधानको प्रभावकारीता, संविधानको कार्यान्वयन गर्ने र गराउने काम सरकारको हो । संविधान भित्र रहेर आफ्ना गतिविध गर्नु नागरिकहरुको पनि दायित्व हो । चेतना भया ।

जस्ताको छानो

पुष्पराज श्रेष्ठ
गोरखापत्रबाट

बाटो देखाउन खोजें,
अर्ती दिन खोजें,
कचकच ग-यो भन्छन् सन्तान
ढोका ढ्यामढुम लगाएर बसें ।

बुढो म त,
पोहोर लगाएको जस्ताको छानो भएछु ।

परेवाका बिस्टा छेकिदिने
घाम, पानी, बतासलाई
ओत बनेर छेकिदिने, तर...
हल्ला गऱ्यो भनेर फल्स सिलिङ लगाएछन् ।

अँधेरो रात, जाडोको याम छ
शीत छेकिरहेको छु, चुपचाप ।
अहिले हल्ला गर्दिनँ,
चुपचाप शीत छेकी नै रहेको छु ।

फेर्रिरह्यो याम धेरै

ललिता दोषी
गोरखापत्रबाट

फेर्रिरह्यो याम धेरै
मन फेर्रिएन

तिमीले बाटो मोडे पनि
तस्बिर केर्रिएन

पुग्यौ तिमी टाढा कतै
किनार बनें म त
सम्झनाका ठेलीहरू

पल्टिँदैछन् अझ
उडान भर्छु भन्ने मनमा
गाँठो परेको छ

आँखाबाट साउन-भदौ
सधैँ झरेको छ
जिन्दगीको अन्तिम पाना

पल्टिरहँदा पनि
तिम्रै खुसी, तिम्रै हाँसो
हेर्ने मन छ नि !

पूर्णिमाको पूर्णता

गोविन्द न्यौपाने
गोरखापत्रबाट

पूर्णिमाको पूर्णता
पूर्णिमाले पूर्णता पाए अब ता,
यो धरामा खुसियाली छाए अब ता !

बुद्धले बोधिज्ञान पाएको दिन,
संसारमा महानिर्वाण छाएको दिन,

शून्यताले पूर्णता पाए अब ता,
धराभरि करुणता छाए अब ता !

सिंहनाद जस्तो ज्ञान पाएपछि त,
हृदयमा शान्तिध्वनि छाएपछि त

धराभरि जग्मगाए सहिष्णुता,
स्वयम् सम्बुद्ध बनौं हामी, स्वयम् पूर्णता !

तारासरि लोकेश्वर आए अब ता,
धराभरि महानिर्वाण छाए अब ता !

खेलकुद

केपी ओली कपको उपाधि मच्छिन्द्रलाई

सुस्केरा समाचारदाता

काठमाडौं, फागुन - केपी ओली कप फुटबल प्रतियोगिताको उपाधि मच्छिन्द्र एफसीले जितेको छ ।

दशरथ रंगशालामा भएको फाइनल खेलमा त्रिभुवन आर्मी क्लबलाई २-० गोलले हराउँदै मछिन्द्रले तेस्रोपटक केपी ओली कपको उपाधि हात पारेको हो । जितसँगै मछिन्द्रले १५ लाख ११ हजार एक सय ११ तथा उपविजेता आर्मीले रु पाँच लाख पुरस्कार प्राप्त गरेको छ ।

खेलको पहिलो हाफको २९ औं मिनेटमा एन्ड्रेस नियाको पासमा आर्मीका विमल पाण्डेले आफ्नै पोष्टमा आत्मघाघी गोल गर्न पुगेका थिए । योसँगै मछिन्द्रले १-० गोलको अग्रता लिएको थियो । यस्तै दोस्रो हाफमा मछिन्द्रले खेलको ७२ औं मिनेटमा दोस्रो गोल गऱ्यो । मल्लिक युसुफले दिएको पासमा स्टेफन जमाहा जालीले गोल गरेका थिए ।

यसअघि मच्छिन्द्रले पहिलो खेलमा भुटानको ट्रान्सपोर्ट युनाइटेडलाई १-० गोलले तथा सेमिफाइनलमा आयो जक केपी ओली एफसीलाई ४-० गोलअन्तरले हराएको थियो । यस्तै आर्मीले भने पहिलो खेलमा नेपाल पुलिस क्लबलाई २-० गोलले तथा सेमिफाइनलमा सङ्कटा क्लबलाई २-१ गोलअन्तरले हराएको थियो ।

मछिन्द्र र आर्मीबीचको फाइनल खेल हेर्न प्रधानमन्त्री केपी शर्मा ओली श्रीमती राधिका शाक्यका साथमा दशरथ रङ्गशाला पुग्नुभएको थियो । विजेताले पुरस्कार बुझेका छन् ।

सामाजिक न्यायको मान्यता

- खुबिराम खनाल

..... सबै लिङ्ग, क्षेत्र, समुदायभित्रका सामाजिक रूपले पछाडि परेका नागरिकलाई प्राथमिकता प्रदान गरिएको छ । किसानलाई कृषि कार्यका लागि भूमिमा पहुँचको हक कायम भएको छ । त्यस्तै अग्रगामी परिवर्तनका लागि जीवन उत्सर्ग गर्ने सहिद परिवार तथा विभिन्न किसिमले पीडित भएका व्यक्तिका लागि उचित सम्मानका साथ शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानुनबमोजिम अवसर पाउने हक स्थापित भएको छ ।

सामाजिक न्याय केवल वकालत गर्दै मा वा कानुन निर्माण गर्दैमा प्राप्त हुने विषय होइन । यो त व्यावहारिक विज्ञान हो । यसको एक मात्र उद्देश्य हरेक किसिमका भेदभाव अन्त्य गरी सामाजिक समानताको स्थितिमा पुग्नु हो । लोकतान्त्रिक मुलुकमा नागरिकले स्वतन्त्र र निष्पक्ष रूपमा समाजमा आफ्ना क्रियाकलाप सञ्चालन गर्न र त्यस्ता कार्यक्रममा सरिक हुन पाउनु पर्छ । सामाजिक न्याय स्थापित भएको अवस्थामा सबैको समान अधिकार रहने भए पनि नेपालमा सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, शैक्षिक, भौगोलिकलगायतका विभिन्न कारणबाट सामाजिक न्यायमा सबैको समान पहुँच सुनिश्चित भइसकेको छैन । सामाजिक न्याय सुन्दा जति आनन्द लाग्छ, यसको व्यावहारिक परिपालना त्यत्तिकै कठिन छ । जबसम्म सामन्ती, निरङ्कुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सिर्जना गरेका सबै प्रकारका विभेदको अन्त्य भई दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा हुँदैन तबसम्म सामाजिक न्यायको प्रत्याभूति गर्न सकिँदैन ।

विश्व न्याय परियोजनाले जवाफदेहिता, न्यायपूर्ण कानुन, खुला तथा पहुँचयोग्य सरकार र निष्पक्ष न्याय गरी चार वटा सिद्धान्त तथा सरकार को शक्तिमा सीमितता, भ्रष्टाचार विहीनता, खुला सरकार, मौलिक हक, आदेश र सुरक्षा, नियमन र कार्यान्वयन, देवानी न्याय र फौजदारी न्याय गरी आठ वटा क्षेत्र र विभिन्न ४४ वटा उपक्षेत्रका सूचकाङ्कका आधारमा सन् २०२४ मा सार्वजनिक गरेको कानुनको शासन सूचकाङ्क प्रतिवेदनमा विश्वका १४२ राष्ट्रमध्ये नेपाल ६९ औं स्थानमा तथा सार्क मुलुकमा (भुटान र माल्दिभ्सलाई यस प्रतिवेदनले नसमेटेको) प्रथम स्थानमा रहेको छ ।

अन्तर्राष्ट्रिय मानव अधिकार कानुनमा विद्यमान स्रोतसाधन, अधिकार तथा अवसर कुनै विशेष व्यक्ति, वर्ग वा समुदायमा मात्र सीमित हुन नहुने भन्दै त्यस्ता स्रोतसाधनको न्यायोचित वितरण गर्न सकेमा मात्र सामाजिक न्याय सुरक्षित हुने कुरा उल्लेख गरिएको छ । समाजिक न्याय सुरक्षित रहेको अवस्थामा मात्र समाजका सबै वर्गले सहज रूपमा न्याय पाउन सक्छन् । वर्तमान सन्दर्भमा कानुनको ज्ञान, कानुनी प्रतिनिधित्व, स्वच्छ कार्यविधि तथा प्रचलनयोग्य न्यायिक उपचार जस्ता तत्वको यथोचित उपस्थिति भएमा मात्र सामाजिक न्याय सुनिश्चित गर्न सकिन्छ । सामाजिक न्यायको सुनिश्चित कायम गर्न सकेमा मात्र दिगो समाजको परिकल्पना गर्न सकिन्छ ।

समाजका सबै वर्गलाई समान अवसर, न्याय र स्रोतसाधनमा समान पहुँच कायम गर्दै समानता, सहभागिता र समावेशी विकासका माध्यमबाट दिगो विकास सम्भव हुन्छ । जब दिगो विकास हुन्छ, तबमात्र दिगो भविष्यको परिकल्पना गर्न सकिन्छ ।(गोपबाट)

संस्कृति, कला, बाल संशार



अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा कला प्रस्तुति गर्दै महिलाहरु ।

पक्षधरता छाडेर काम गर्नुस्: मुख्यमन्त्री

सुस्केरा समाचारदाता

सुर्खेत, फागुन - कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले पक्षधरता भन्दा कार्य सम्पादनमा अब्बल भएर सेवा प्रवाह गर्न निर्देशन दिनु भएको छ ।

प्रदेश सरकार अन्तर्गत खुल्ला प्रतिस्पर्धाबाट अधिकृत सातौंमा नियुक्त भएका अधिकृतहरुलाई आयोजित एक कार्यक्रममा मुख्यमन्त्री कँडेलले सेवा प्रवाहमा पक्षधरता भन्दा कार्यसम्पादनलाई प्रमुख ठानेर काम गर्न निर्देशन दिनु भएको हो ।

समाजमा कर्मचारी र राजनीतिक नेतृत्वप्रति हेर्ने दृष्टिकोण सकारात्मक नभएको चर्चा गर्दै मुख्यमन्त्री कडेलले अब सबै तहका कर्मचारीहरुले समाजलाई सकारात्मक दृष्टिकोण बनाउने गरि काम थाल्नु पर्नेमा जोड दिनु भयो । उहाँले भन्नु भयो, हिजोको जस्तो छैन, नागरिक सचेत भइसकेका छन, तपाईहरुको कामको मूल्याङ्कन नागरिकस्तरबाटै भइरहेको छ ।'

आफनो जिम्मेवारी बढेसँगै आडम्बर समाजलाई देखाउने नाममा गलत काम गरेर आर्थिक हैसियत बढाउने काममा नलाग्न मुख्यमन्त्री कडेलले कर्मचारीलाई निर्देशन दिनु भयो । उहाँले भन्नु भयो, 'तपाईहरु नै भोलीको प्रदेश सचिव, प्रमुख सचिवको हकदार हो, इमान्दारिताले त्यो स्थान मा पुग्न सकिन्छ तर म अधिकृत भए भन्दैमा प्रचलित कानूनको विपरित गएर काम गर्नुभयो भने, तपाईहरुकै करियर समाप्त हुन्छ ।'

निजामती कर्मचारी समाजको पथपर्दशक पनि भएकोले सामाजिक रुपान्तरणमा कर्मचारीहरु महत्वपूर्ण योगदान दिन सक्ने मुख्यमन्त्री कडेलले धारणा राख्नु भयो । कर्मचारीले राम्रो काम गरेर देखाए त्यसले समाज मा सकारात्मक प्रभाव पार्ने र नागरिकलाई थितिमा हिडन बाध्य पार्ने पनि मुख्यमन्त्री कडेललको भनाई थियो ।

सामान्य ज्ञान २२

१. 'राष्ट्रिय मुक्ति पार्टी नेपाल नामक राजनीतिक दल निर्वाचन आयोगमा कहिले दर्ता भयो ?

☐ विसं २०८१ माघ ८

- नेता राजेन्द्र महतो नेतृत्वको सो पार्टी निर्वाचन आयोगमा दर्ता भई आयोगले प्रमाणपत्र प्रदान गरेको ।

- सो पार्टीलाई ग्यास सिलिन्डर चुनावचिह्न प्रदान गरिएको । साथै गाढा निलो रङको आयतकार झण्डाको मध्यभागमा तीर धनुष रहने गरी झन्डा समेत प्रदान गरिएको ।

२. इजरायलले संयुक्त राष्ट्रसङ्घ मानव अधिकार परिषद् (युएनएचआरसी) बाट अलग हुने घोषणा कहिले गरेको हो ?

☐ सन् २०२५ फेब्रुअरी ६

- इजरायलको यो कदम अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको राष्ट्रसङ्घको शीर्ष मानव अधिकार निकायबाट आफ्नो देश फिर्ता भएको घोषणा गरेको दुई दिनपछि आएको ।

३. विसं २०८१ माघमा सम्पन्न २५ औं संस्करणको बुढासुब्बा गोल्ड कप फुटबल प्रतियोगिताको उपाधि कसले जित्यो ?

☐ एनआरटी

- धरान रङ्गशालामा सम्पन्न फाइनलमा साबिक विजेता एनआरटीले चर्च ब्वाइज युनाइटेडलाई २-१ गोलले पराजित गर्दै उपाधि रक्षा गरेको ।

सार्वजनिक प्रशासनमा नैतिकता

- भोला शर्मा

नैतिकता जीवनको एउटा अपरिहार्य र महत्वपूर्ण गहना हो । यसको अभ्यास एक दुई जनाले एकैछिन मात्र पालन गरेर हुँदैन । सबै जनाले सबै क्षेत्रमा सधैँभर गरिरहनु पर्छ । सार्वजनिक प्रशासनमा पनि नैतिकता एउटा निरन्तर बोध भइरहने आदर्श मान्यता हो । सोही मान्यता अनुरूप सार्वजनिक प्रशासनको नैतिक पक्ष पनि मजबुत हुनु पर्छ । जसले प्रशासनमा सुशासन कायम गर्न अभिप्रेरित गर्छ ।

कुनै पनि देशको सरकारद्वारा त्यस देशका नागरिकको सर्वाङ्गीण हित एवं राज्यको चौतर्फी उन्नतिका लागि सञ्चालन गरिएको नियमित, आकस्मिक र विकासात्मक गतिविधिको समष्टिगत रूप नै सार्वजनिक प्रशासन हो । उक्त प्रशासनमा वैधानिकता, वैधता, विश्वसनीयता, पारदर्शिता, जवाफदेहिता, विवेकशीलता, समानता, समता जस्ता औजारले नागरिकलाई सुशासनको अनुभूति दिलाउन मद्दत गर्छन्, जसले नैतिक दर्शनको मान्यतालाई सार्थक पनि बनाउँछ ।

सामान्य अर्थमा नैतिकता भनेको नीति अनुसार चल्नु हो । यसले मानवीय जीवनमा पालना गर्नुपर्ने असल आचरण, चालचलन र व्यवहारको समष्टिलाई इङ्गित गर्छ । नैतिकता बहुउपयोगी र बहुआयामिक शब्द हो । यो खास गरी जनसेवाको अग्रपङ्क्तिमा रहेको सार्वजनिक प्रशासनमा झल्कन सक्यो भने जनताले समयमै सहज तरिकाले राज्यबाट प्राप्त गर्ने सेवासुविधाबाट लाभान्वित हुन सक्ने वातावरण बन्छ । यसका लागि सेवा प्रदायक कर्मचारीतन्त्र र सेवाग्राही नागरिक दुवैले कर्तव्य बोधका साथ जिम्मेवार भएर अगाडि बढ्न आवश्यक छ ।

नैतिकताले कुनै पनि व्यक्ति वा सङ्गठनलाई बढीभन्दा बढी जिम्मेवार, जवाफदेही र कर्तव्यनिष्ठ बनाउँदै मानवीय क्रियाकलापलाई नीतिसम्मत बनाउन प्रेरित गर्छ । प्लेटोको नीतिशास्त्रबाट विकसित भएको यो दर्शन शास्त्र आज विश्वका हरेक मुलुकमा अनुसरण भइरहेको छ । निष्ठावान् र संहिताबद्ध समाज वर्तमान युगको माग हो, जसलाई हाम्राभन्दा राम्रा मान्छेले पूरा गर्न सक्छन् । प्रशासनमा पनि नैतिकताले सोही कुराको जोडदार माग गर्छ ।

हुन त नैतिकता समय, सन्दर्भ र समाज अनुसार फरक फरक हुन्छ । किनकि कुनै ठाउँ र संस्कारको नैतिकता अर्को ठाउँ र संस्कारमा अनैतिकता हुन जान्छ । जस्तैः कुनै एउटा मुलुक वा समाजमा महिलाले पुरुषसँग हात मिलाउनु वा अङ्कमाल गर्नु नैतिक मानिन्छ । त्यही कार्य अर्को मुलुक, संस्कार वा समाजमा अनैतिक मानिन्छ । त्यसै गरी पहिले पहिले प्रहरी सङ्गठनमा जुँगा पाल्नु नैतिकवान् मानिन्थ्यो । त्यति बेला जुँगा लामो लामो पाल्नेलाई जुँगा भत्ता दिइन्थ्यो । अहिले त्यही सङ्गठनमा जुँगा पाल्नु नैतिक मानिँदैन । कुनै समुदायमा रक्सी खानु नैतिक मानिन्छ र पूजामा पनि चढाइन्छ । अर्को समुदायमा रक्सी शब्द उच्चारण गरे पनि अनैतिक हुन्छ । तसर्थ नैतिकता, अनैतिकता छुट्याउनु बडो कठिन र चुनौतीपूर्ण छ । सार्वजनिक प्रशासनमा त झन् चुनौतीपूर्ण छ ।

आज सार्वजनिक प्रशासनमा नैतिकता एउटा पेचिलो विषय बन्दै गएको छ । तसर्थ सार्वजनिक प्रशासनका पछिल्ला सिद्धान्तले प्रशासकलाई नैतिकताको मार्गमा अगाडि बढ्न प्रेरित गरेका छन् । इमानदारी, सच्चरित्रता, पारदर्शिता, जवाफदेहिता, गोपनीयता, वस्तुगतता, न्याय र कानुनको पालना लाई सबैजसो पेसागत सङ्गठनले आफ्नो पेसागत नैतिकतालाई डोयाउने मूल्यको रूपमा स्वीकार गरेको पाइन्छ । सार्वजनिक प्रशासनलाई प्रणाली अनुरूप सञ्चालन गर्न सङ्गठनमा सदियौँदेखि विभिन्न ऐन कानुन, नीति नियम, विभिन्न संरचना, पदसोपान प्रणाली, अधिकार, कर्तव्य र जिम्मेवारी बाँडफाँट, उत्तरदायित्व वहन, सञ्चार अनि समन्वय जस्ता विभिन्न तत्व क्रियाशील छन् तथापि सार्वजनिक प्रशासन आजसम्म नैतिकताको दृष्टिकोणबाट आलोचनामुक्त हुन सकेको छैन ।

सार्वजनिक प्रशासन समाजको प्रतिविम्ब हो । जस्तो समाज त्यस्तै शासन भने झैँ हाम्रो समाज आफैँमा नैतिकवान् बन्न सकेको छैन । सार्वजनिक प्रशासनमा पनि त्यसको प्रभाव परेको छ । सङ्गठनमा विविध स्रोतसाधनको प्रयोग गर्दा नैतिकताको अभ्यास गर्न सकियो भने मात्र उक्त स्रोतसाधनको कुशलतम उपयोग हुन सक्छ । अन्यथा नैतिकता निरन्तरताका लागि मात्र प्रयोग भएको पाउन सकिन्छ । नैतिकताले सही, गलत, उचित, अनुचित, सान्दर्भिक, असान्दर्भिक खुट्याएर मात्र सही मार्ग अवलम्बन गर्न प्रेरित गर्ने भएकाले सार्वजनिक प्रशासनमा यो अवश्यम्भावी छ । नैतिकताको पालनाको सन्दर्भमा हामीले छिमेकी राष्ट्र सिङ्गापुरबाट पाठ सिक्न सकिन्छ । त्यहाँ नैतिकताको पालना यति कडा छ, पालना नगर्नेउपर ऐया भन्न नपाई ठाउँको ठाउँ कारवाही हुन्छ ।

सार्वजनिक प्रशासनमा नियमित प्रशासन सञ्चालन गर्ने सानातिना मात्र होइन विशाल धनराशि खर्च हुने ठुला ठुला निर्णय पनि लिनुपर्ने हुन्छ । कुनै निर्णयको प्रभावले अमूक व्यक्ति, समाज, संस्था वा राष्ट्रकै हित हुन्छ भने कुनै निर्णयको प्रभावले व्यक्तिको घरबासै उठ्ने अनि कुनै व्यक्तिको आजीवन जय जयकार हुने स्थिति पनि आउन सक्छ । त्यस्तो अवस्थामा नैतिकता गुमाइयो भने कसैको जीवनै बर्बाद हुन्छ त कसैको पुस्तौँ पुस्तालाई पुग्ने धन र पद प्रतिष्ठा प्राप्त हुन्छ । जस्तैः सुकुमवासीलाई जग्गा उपलब्ध गराउनु राज्यको धर्म र मर्म हो । यसबमोजिम प्रशासकीय निर्णय हुँदा वास्तविक सुकुमवासीले नयाँ संसार पाएको अनुभूति गर्छन् तर सुकुमवासीका नाममा गैरसुकुमवासीले जग्गा पाए भने काल पल्केर अरू क्षेत्र पनि दूषित बन्छ । खास गरी राजनीतिज्ञ र प्रशासकले नैतिकतालाई केन्द्रविन्दुमा राखी उचित र विवेकशील निर्णय लिन र ऐन कानुनको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक छ ।

प्रशासनमा न त सबै मानिस खराब छन् न त सबै असल छन् तथापि खराबको सङ्ख्या न्यून बनाउने प्रयास नहुँदा हिजोआज अनैतिकताको खराब रङ प्रशासनमा सरेको छ । सोच, विधि र व्यवहारमा असमानताको कहाली लाग्दो जङ खेपिरहेको प्रशासनमा मौजुदा कर्मचारी लाभको पदमा सरुवा हुने प्रतिस्पर्धा र सेवानिवृत्त व्यक्ति पनि अब्बल ठाउँको खोजीमा तारतात्म्य मिलाउने दौडधुपले गर्दा प्रशासकको दैनिकीले नैतिकताको बाटो बिराएको छ । त्यसै गरी सार्वजनिक प्रशासनका अब्बल दर्जामा नियुक्ति हुनका लागि राखिएको योग्यतामा ..... (गोपबाट)

बालअधिकार प्रति संवेदनशील बनौं

- माया, ममता, संरक्षण, स्वास्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन् ।
- बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको सुनिश्चित गरौं गराऔं ।
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावक लगायत सबै संवेदनशील बनौं ।

छार्का ताङसोङ गाउँपालिका, डोल्पा

सूचना! सूचना!! सूचना!!!

महिलाहरुको पाठेघरको मुखको क्यान्सर बिरुद्धको एच.पि.भि.(HPV)खोपको अभियान डोल्पा जिल्लामा २०८१ फागुन २१ गते देखि सञ्चालन हुन गईरहेकोले कक्षा ६ देखि १० सम्म अध्यनरत छात्रा र १० देखि १४ वर्ष सम्मका विद्यालय नजाने किशोरीहरुले नजिकको खोप केन्द्रमा गई एच.पि.भि. (HPV) खोप लगाऊ पाठेघरको मुखको क्यान्सर हुन बाट बचौं।

कर्णाली प्रदेश सरकार
समाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा निर्देशनालय
स्वास्थ्य सेवा कार्यालय
दुनै,डोल्पा

खोप निःशुल्क पाईन्छ। खोप सुरक्षित हुन्छ। खोपले जिवन रक्षा गर्छ।

मध्यपहाडी लोकमार्गले दिएको खुसी

- वसन्ती शाही

ढोरपाटन ताकेर निस्केका थियौं सुर्खेतबाट । बुर्तिबाङबाट साढे दुई घण्टामा ढोरपाटन पुगिन्छ भन्ने खबर पायौं । बुर्तिबाङदेखि माथि पूरै कच्ची बाटो रे । पाती हाल्नेको चिया गफ मा जति नै अबेला भए पनि ढोर पाटन पुगेरै छाड्ने सहमति जुट्यो हामीबिच । जाजरकोटको रिम्नामा खाना खाएपछि कतै रोकिएका थिएनौं । पुरुष टोलीहरूबाट छिन छिनमा बाटोको डिलतिर या झाडी छिचोल्ने काम भइरहन्थ्यो मात्रै । महिला साथी र शौचालय नपाएपछि आफू त कान्छी औंला च्यापेर दिनभरि गाडी मै । कुनै दिन साथी सुलोचनाले यो मन्त्र सिकाएकी थिइन् ।

पाती हाल्नेमा आइपुग्दा थकाइको महसुस भयो । पछिल्लो गाडीमा सवारसँग मोबाइलमा कुरा गरी यहीँ एकछिन चिया पिएर सुस्ताउने सल्लाह भयो । गाडीबाट बाहिर निस्किँदा चिसो हावा चलिरहेको थियो । मलाई त कान्छी औंला च्यापा च्यापा धैर्यताको बाध फुट्नै लागिसकेको थियो । त्यहीँ चर्पीको आवश्यकता पूरा गरें । हात धुन आउँदा पानीको धार ।बाट यत्रतत्र उछिट्टिने पानी जमिसके को थियो । यसको मतलब यहाँको तापक्रम माइनस भएको अनुमान लगाउन गाह्रो भएन । पानीमा हात हाल्ने आँट पनि आएन । औंलाको टुप्पा भिजाउँदै फर्किए ।

मध्यपहाडी राजमार्गको चर्चा निकै सुनिन्थ्यो । यो बाटो हुँदै जान पाए भन्ने पहिलेदेखि नै लागेको थियो । हाम्रो पूर्वनिर्धारित योजना मुताबिक यही बाटो तय गर्‍यौं । कुनै कुनै ठाउँमा बाहेक बाटो राम्रो बनेको छ । यो बाटोले दुरी पनि निकै छोट्याएको छ । निस्फिक्री गाडी गुडाउन पाइन्छ । बाटोमा दोहोरो गाडी नै नभेटिने । एक्लै जति सक्दो कुद्दा हुने । यस राजमार्गलाई पुष्पलाल लोकमार्गका नामले पनि पुकारिन्छ । यो राजमार्ग पूर्व पाँचथरको चियोभन्ज्याङ भन्ने ठाउँबाट सुरु भएर पश्चिम बैतडी जिल्लाको झुलाघाटसम्म लम्बिएको छ । आयोजना सुरु गर्दा पूर्वपश्चिम लम्बाइ एक हजार ७७६ किलोमिटर हुने अनुमान गरिएको भए तापनि अहिले यसको लम्बाइ एक हजार ८७९ किलोमिटर पुगेको छ । अझै यसको लम्बाइ बढ्न सक्ने अनुमान पनि छ । यो राजमार्गमा पर्ने सुनकोशी र बुढीगण्डकी आयोजनाका कारण नेपालथोकदेखि गोरखाको पालुङटारसम्मको अलाइनमेन्ट परिवर्तन गर्दा दुरी बढेको छ । राजमार्ग सुरु हुनुअघि नै केही बाटो बनिसकेको थियो । यसैलाई निरन्तरता दिएर यो लोकमार्गको ढाँचा निर्माण गरिएको हो । यो योजना तत्कालीन अर्थमन्त्री डा. बाबुराम भट्टराईको रेखाङ्कन हो । उहाँ प्रधानमन्त्री हुँदा यो मार्गलाई राष्ट्रिय गौरवको आयोजना घोषणा गर्नुभएको थियो ।

आर्थिक वर्ष २०६४/६५ बाट निर्माण सुरु भएको यो राजमार्ग २०८० सम्ममा सक्ने लक्ष्य थियो । तर २०८१ सालको अन्त्यतिर आउदा पनि निर्माण सम्पन्न भएको छैन । केही खण्डमा काम हुँदै छ । काम सुरु भएको अहिले १४ वर्ष भयो । यो अवधिमा जम्मा ५८ प्रतिशत मात्रै काम पूरा भएको छ । केन्द्रबाट काममा प्रभावकारिता आएन भनेर मुलुकका धेरै ठाउँ (पाँचथर, काभ्रे, गोरखा, पर्वत र दैलेख) मा यसका कार्यालय खडा गरिएका छन् । कामको सबै जिम्मा सम्बन्धित क्षेत्रमा रहेका कार्यालयलाई नै छ । यो लोकमार्गले मुलुकका २६ जिल्लालाई जोड्दै गएको छ । योजनाका लागि करिब ४३ अर्बको हाराहारीमा खर्च भइसकेको छ । यसबाट एक करोड जनसङ्ख्या लाभान्वित हुने लक्ष्य परि योजनाको छ ।

यही राजमार्ग हुँदै पाती हाल्ने पुग्दा दिन ढलिसकेको थियो । पानी ढलो मै बनाइएको एउटा घरबाट धुवाँ पुत्ताइरहेको देखियो । एक जना बहिनी ढोकामा निस्किन् । मैले सोधें, बहिनी चिया खुवाउनुहुन्छ ? उनले सहजै जवाफ दिइन्, हुन्छ ? फेरि सोधें, दुधको चिया ? उनले हुन्छ भनेपछि हामी भित्र पस्यौं । मैले फेरि सोधें, के को दुध हो ? निसी खोलाबाट भैंसीको दुध आउँछ क्या रे, त्यसैको त हो पका उने । ठुलो फलामको आगो नदेखिने भाँडोको माथि पानीको ठुलै भाँडो बसालिएको थियो । भाँडोको डिल डिलबाट बाफ निस्किरहेको थियो । तातो पानीको सायद । त्यही ठुलो फलामको भाँडोभित्र दाउरा हालेर आगो बालिएको रहेछ । फलाम तात्तिएर कोठालाई पनि निकै तातो बनाएको थियो भने पानीको बाफले कोठालाई आद्रता । होटलवाली बहिनीले त्यही फलामे चुलोको छेवैमा कुर्सी राखिदिँदै बस्न इसारा गरिन् । हामी सात वटा दुध चियाको अर्पिल गरी त्यही फलामे चुलोमा हात सेकाउन बस्यौं ।

साहुसाहुनीहरूले मासु काट्ने काम गरिरहेका रहेछन् । चुलोको अर्कोतिर भुइँमा दुवै जना लोग्ने स्वास्नी मासु काट्न बसे । मासुको लुर्कन बनाउँदै थिए । लुर्कन बनाएको देखेर सुकुटीका लागि हो भन्ने अनुमान लगाउन गाह्रो भएन । छेवैमा एउटा भोटे कालो कुकुर र एउटा बिरालो पनि बसिरहेका थिए । कुकुर मस्त सुते जस्तो गरी पल्टेको थियो । बिरालो भने मासु हेरेरै बसेको थियो तर माग्ने कराउने गरेको थिएन । कुनै कुनै बेला हातले ट्याप ट्याप मासुलाई हान्थ्यो र तान्ने प्रयास गर्थ्यो तर तान्न सक्दैनथ्यो । साहुले यसो हात देखाउनेबित्तिकै आँखा चिम्लिएर अर्कोतिर मोडिन्थ्यो । मैले सोधें, मासु के को हो ? साहुले सहजै जवाफ दिए, भेडाको । त्यसो भए यहाँ सुकुटी पनि पाइन्छ होला ? उनले भने पाइन्छ नि । भेडा र राँगाको दुवैथरीको सुकुटी पाइन्छ । कति पर्छ किलो को ? उनले भने, भेडाको पाँच हजार र राँगाको तीन हजार किलोको, छाला बोसो हड्डी केही नभएको निख्खर मासु ।

मलाई सुकुटीको कुराले लोभ्यायो । दे खाउनका लागि अनुरोध गरें । साहु साह्रै फुर्तिला थिए । एकै छिनमा उठेर सुकुटीको बोरा नै हाम्रो अगाडि तेर्स्याए । भित्र हेरें, त्यति राम्रो सुके को त रहेनछ । चमसुको मात्रै काटेर टुक्रा टुक्रा पारेर बोरामा राखेको । सोधें, किन राम्रोसँग सुक्न नदिएको ? जवाफमा भने, राम्रो सुकायो भने त काट्नै गाह्रो, पका उनै गाह्रो, टोक्दा पनि टोकिन्न, यतिको बनायो भने धेरै राम्रो हुन्छ । ..... (गोपबाट)

कर्णाली प्रदेश सरकार
भौतिक पुर्वाधार तथा शहरी विकास मन्त्रालय
पुर्वाधार विकास निर्देशनालय
पुर्वाधार विकास कार्यालय
दुनै, डोल्पा

आयोजनाको प्रस्ताव पेश गर्ने सम्बन्धी अन्यन्त जरुरी सूचना
(प्रकाशित मितिः २०८१/११/२०)

कर्णाली प्रदेश सरकारले सञ्चालन गर्ने विभिन्न प्रकारका विकास निर्माणसँग सम्बन्धीत आयोजनाहरुको पहिचान,प्रस्ताव,विश्लेषण,मूल्याङ्कन,प्राथमिकिकरण र छनौट प्रक्रियालाई वस्तुनिष्ठ एवम् माग र आवश्यकतामा आधारित बनाई उपलब्ध स्रोत साधनको उच्चतम् उपयोग हुने गरी विनियोजन कुशलता कायम गर्न र आयोजना छनोट प्रक्रियामा सम्बद्ध पक्षको सहभागिता तथा जवाफदेहीता बढाउदै आयोजना अनुशासन कायम गरी आयोजना छनोट प्रक्रियालाई व्यवस्थित,प्रणालीबद्ध तथा संस्थागत गर्ने गरी तयार भएको "आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१" मा व्यवस्था भए बमोजिम आर्थिक वर्ष २०८२/८३ को लागि यस कार्यालयबाट कार्यान्वयन गरिने आयोजनाहरुको मिति २०८१/१२/०१ गतेभित्रमा यस कार्यालयमा आयोजना प्रस्ताव पेश गर्न प्रदेश सभा सदस्य ज्यू, सरोकारवाला तथा ८ वटै स्थानीय तहको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

प्रस्ताव पेश गर्दा अन्य स्रोतबाट कार्यान्वयन गर्ने विकास आयोजना र हाल सञ्चालनमा रहेका विकास आयोजनासँग दोहोरो नपर्ने गरी कर्णाली प्रदेश आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची-१ मा उल्लिखित विषयक्षेत्रको आधारमा रही, अनुसूची-२ बमोजिमको ढाँचामा आयोजनाको प्रस्ताव गर्नुपर्नेछ। यस सम्बन्धमा आवश्यक पर्ने कार्यविधि तथा जानकारीको लागि कर्णाली प्रदेश योजना आयोगको वेवसाइट kppc.karnali.gov.np तथा कार्यालयको वेवसाइट idodolpa.karnali.gov.np बाट डाउनलोड गर्न सकिनेछ। अन्य जानकारी आवश्यक भएमा कार्यालय समयमा कार्यालयको टेलिफोन नं. ०८७-५५०१७६,९८५१२७७५८९,९८५८३६६७८० वा इमेल : idodolpa@gmail.com मार्फत सम्पर्क गर्न सकिनेछ।

कार्यालय प्रमुख

लोकतन्त्र कमजोर पार्ने विरुद्ध सबै लागौं

- डा. बाबुराम भट्टराई

हामीले लामो सङ्घर्ष गरेर सङ्घीय लोकतान्त्रिक गणतन्त्र ल्यायौं । त्यसले जनतालाई अधिकार सम्पन्न बनाएसँगै देश क्रमशः सकारात्मक दिशातर्फ अघि बढिरहेको छ । तर विकास, समृद्धि र रोजगारीको आवश्यकता पूरा हुन नसक्दा जनतामा केही असन्तुष्टि भने देखिएको छ ।

प्रशासन, न्यायालय, सुरक्षा अङ्गलगायत राज्यका संस्थाहरू कमजोर भएकाले पनि चाहेको जस्तो सुशासनको प्रत्याभूति हुन सकिरहेको छैन । तर यो एउटा पाटो मात्र हो । यसलाई लोकतान्त्रिक ढङ्गले समाधान हल गर्दै जानु प्रभावकारी हुन्छ ।

केही समययता सडक र सामाजिक सञ्जालमा अस्वाभाविक रूपले फेरि राजतन्त्रलाई फर्काउने र संविधान का सकारात्मक पक्षलाई उल्ट्याउने भन्ने किसिमका गतिविधिहरू हुन थालेका छन् । यो चिन्ताको विषय हो । बहुदलीय लोकतन्त्रमा दल र विचारहरू फरक हुनसक्छन् । समाज मा अगाडि बढ्ने, यथास्थितिमा रहने र पछाडि फर्कने प्रवृत्ति जहिले पनि भइरहन्छ । यस्ताखालका समस्याको समाधान पनि लोकतान्त्रिक विधिमार्फत खोज्नुपर्छ । तर अहिले जसरी प्रायोजित हिसाबले हल्ला चलेको छ, म त्यस्तो सम्भावना देख्दिँन । यस्तो प्रवृत्तिले अनावश्यक समय र शक्ति बर्बाद गर्छ ।

पूर्वराजाले कुनै भूमिका खोज्ने हो भने नेपालको वर्तमान संविधानअन्तर्गत त्यो ठाउँ छैन । किनकी सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनता तथा जनतामा नीहित सार्वभौमसत्तालाई संविधानको असंशोधनीय प्रावधान भनेर राखिएको छ । यस्तो अवस्थामा यो सम्भव नहुने विषय हो । राजतन्त्रमा एउटा व्यक्ति र परिवारमा सर्वाधिकार रहन्छ । यो सिधै वर्तमान संविधानसँग बाँझिन्छ । जनताको बलिदान र सङ्घर्षमार्फत संविधानसभाबाट जारी भएको संविधानलाई उल्टयाइयो भने थप समस्या सृजना गर्दछ । नेपालजस्तो जटिल भूराजनीतिमा रहेको मुलुकमा कसैको आग्रह वा बहकाउमा लागेर यस्ता गतिविधि गर्न थालियो भने देश र जनतालाई ठूलो नोक्सान पुग्छ ।

देश र जनतालाई माया गर्नेहरू सबैले यस्ता विषयलाई खेलबाड गर्नुहुँदैन । लोकतन्त्रका कमजोरी हुन्छन्, त्यसलाई लोकतन्त्रभित्रै बाट सच्याउनुपर्छ । लोकतन्त्रको विकल्पमा उन्नत लोकतन्त्र खोज्ने हो । यसलाई अझ सहभागितामूलक, पारदर्शी र सुशासनयुक्त बनाउनुपर्छ । त्यसमा सबै दलबीच सहमति र समन्वयमार्फत छलफल हुनुपर्छ ।

लोकतन्त्रलाई नै अन्त्य गरेर अलोकतान्त्रिक वंशाणुगत कुनै प्रणाली ल्याउने भन्नु देश र जनतामा हितकारी हुँदैन । यसले गम्भीर समस्या सिर्जना गर्छ । किनकी विश्वमा देखिएका विभिन्न शक्ति केन्द्रहरुले अहिले हाकाहाकी आफ्नो प्रभूत्व विस्तारका निम्ति अर्को देशको स्वाधीनता र सार्वभौमिकतामाथि सिधैं हमला गरिरहेका छन् । यस्तो युगमा हाम्राजस्तो जटिल भूराजनीति भएको मुलुकमा लोकतन्त्रलाई खलबल्याउने र अस्थिरता ल्याउने काम गरिएमा देश र जनताका लागि घात हुन्छ । कसैबाट पनि त्यो नहोस् । यसप्रति सबै गम्भीर बनौं । लोकतन्त्रलाई कुनै पनि ढङ्गबाट कमजोर पार्ने काम कसैबाट पनि नहोस् ।

लोकतन्त्र भनेको कहिल्यै पनि पूर्ण हुँदैन । संविधान निर्मातामध्ये म पनि एक व्यक्ति हुँ । त्यतिबेलादेखि नै संविधानको कतिपय कुरा राम्रा छन्, कतिपय कुरा अपुग छन् भनेर 'आधा गिलास भरिएको, आधा खाली' छ भनेको थिएँ । संविधानमा नपुगेको कुरालाई पूर्णता दिँदै हिजोको शीतयुद्धकालीन अवस्थामा बनेको पूँजीवादी र साम्यवादी विचार युगसापेक्ष भएनन् ।

जनतालाई यथाशीघ्र प्रभावकारी सेवा दिने, सुशासन कायम गर्ने र समृद्धि चाहने हो भने अब नयाँ युगअनुसारको वैकल्पिक राजनीतिक शक्ति निर्माण गर्नुपर्छ भन्ने अभियानमा हामी छौं । यो लोकतन्त्रभित्रै रहेर गरिएका अभ्यास हुन् । तर यो लोकतन्त्रलाई नै उल्ट्याउने ढङ्गबाट केही प्रयत्न भएका छन् । त्यो शङ्कास्पद र रहस्यमय देख्छु । त्यसले कुनै समाधान गर्दैन । लोकतन्त्रलाई मासेर अलोकतान्त्रिक तरिकाले मुलुकमा विद्यमान समस्या समाधान कसरी हुन्छ ? यसबाट सुशासन, समृद्धि र शान्ति कायम हुन्छ ? भूराजनीतिक संवेदनशीलता हट्छ ? केही पनि हट्दैन । यस्ता विषयमा दलहरूका बीचमा गहन संवाद हुनुपर्‍यो ।

पुराना पार्टीका केही नेताहरूको अझै पनि कतिपय विषयमा अहम् देखिन्छ । तर त्यसलाई बहाना बनाएर अलोकतान्त्रिक अभ्यास गर्न मिल्दैन । त्यसैले हामी सबै संवदेनशील बनौं । कुनै पनि बहानामा लोकतन्त्रलाई कमजोर पार्ने र पछाडि फर्काउने क्रियाकलापविरुद्ध सबै एक भएर उभिनुपर्छ भन्ने मेरो आग्रह हो । हामीले सुधारिएको संसदीय प्रणाली अपनाएका छौं । प्रत्यक्ष र समानुपातिक निर्वाचनसम्बन्धी मिश्रित प्रणालीले अस्थिरता ल्याउँछ भन्ने पूर्वानुमान गरिएकै थियो । दुई पटकको चुनावले त्यो देखियो । नेपालजस्तो बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक मुलुकमा प्रत्यक्ष निर्वाचनले मात्रै वर्तमान समस्या हल गर्दैन । प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणाली सङ्गमा र प्रत्यक्ष निर्वाचित मुख्यमन्त्री प्रदेशमा हुने व्यवस्था गरियो भने पाँच वर्षसम्म कार्यकारी स्थिर हुन्छ । त्यो कार्यकारीले योग्य व्यक्तिमध्येबाट मन्त्री छनोट गरी सरकार चलाउँछ । यसोगर्दा सुशासनको राम्रो प्रत्याभूति हुन्छ । संसद् र प्रदेशसभा विधायिकी काम र सरकारलाई खबरदारी गर्न केन्द्रित हुन्छ । त्यसो हुँदा मात्रै देशमा स्थिरता र समावेशी, समानुपातिक र सुशासन कायम हुन्छ । त्यो बाटो उपयुक्त हो । त्यसका लागि सबै मिलेर संविधान संशोधन गरौं ।

नेपाल संसारको सबभन्दा पुरानो मध्येको एउटा राज्य हो । यसको स्वाधीन र स्वतन्त्र अस्तित्वको ऐतिहासिक आधार छ । नेपाल बन्दैन, हुँदैन भनेर निराश हुनुपर्ने कुनै कारण छैन । हामीभन्दा कमजोर साधनस्रोत भएका देशहरू सम्पन्न बनेका छन् । लोकतान्त्रिककरणको प्रक्रिया अलिढिला हुँदा हामी केही पछाडि परेका हौं । बल्ल लोकतन्त्र आएको छ, यसलाई समृद्ध पार्दै देशमा बसेर नै यहाँ भएका साधनस्रोतको समूचित प्रयोग गरियो भने एक दशकभित्रै नेपाल विश्वका सम्पन्न मुलुक बन्न सक्छ । मेरो आग्रह के हो भने देशविदेश जानुस्, घुम्नुस्, आउनुस्, तर यो देशै बन्दैन भन्ने भाष्य निर्माण गर्नु उपयुक्त हुँदैन । देश बन्छ, बनाउनुपर्छ, त्यसका निम्ति हामी सबै मिलौं । कमीकमजोरी हटाऔं । दल र नेता राम्रा नभएमा लोकतान्त्रिक तरिकाले.(दैनिकनेपालबाट)

स्तनपानः बालबालिकालाई बरदान

आमाको दुध बालबालिकाका लागि अमृत समान हुन्छ । त्यसैले,

- स्वास्थ्यकर्मीहरुले आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु सिफारिस गर्नु हुँदैन,
- आमाको दुधको विकल्पमा बट्टाको दुध, दूधदानी जस्ता वस्तुको प्रबर्द्धन गर्नु हुँदैन,
- त्यस्ता वस्तुको उत्पादक वा वितरकबाट कुनै पनि किसिमको नमूना लिने तथा आर्थिक वा भौतिक उपहार लिनु हुँदैन ।

त्यस्तो कार्य गरेको पाईएमा आमाको दूधलाई प्रतिस्थापन गने वस्तु (विक्रि वितरण नियन्त्रण) एने, २०४९ अनुसार कारवाही हुनेछ ।

काइके गाउँपालिका, डोल्पा

सूचना । सूचना ॥ सूचना ॥।

सुख्खाको समयमा हावाहुरि, आगलागिका कारण हुने क्षेतिलाई न्यूनिकरण गर्नका लागि सबै जना सचेत हुनु आवश्यक छ ।

त्यसैले सबै जना सचेत बनौ ।

आगोलागि हुन नदिनका लागि जथाभावी आगो नबालौं,

बाले पनि राम्रोसँग निभाऔं ।

जगदुल्ला गाउँपालिका, डोल्पा

भूकम्पको जोखिमबाट सुरक्षित बनौं

- भूकम्प जाँदा कमजोर संरचनाका कारण बढि क्षति हुन्छ ।
- घर जस्ता संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधि बनाऔं।
- प्राविधिकको सल्लाह लिएर मात्र घर बनाऔं ।
- भूकम्पबाट सुरक्षित रहन आवश्यक पूर्व तयारी गरौं ।
- भूकम्प जाँदा आत्तिएर जथाभावि भाग्ने र दौडने नगरौं ।
- धैर्यतापूर्वक वाहिर खुला तथा सुरक्षित स्थानमा जाऔं ।
- भूकम्पमा अप्ठेरो परेकालाई सहयोग गरौं ।

शे फोक्सुण्डो गाउँपालिका, डोल्पा

महिला सशक्तीकरणमा मिडिया

- मोहन नेपाली

पछिल्लो दशकमा नेपालमा महिला सशक्तीकरणको क्षितिज थप उघारिँदै गएको छ । नेपाली महिलाका आर्थिक, सामाजिक र राजनीतिक अवस्थामा फेरबदल आइरहेको छ । यसलाई सकारात्मक सूचकका रूपमा लिँदै नेपालको बहुआयामिक विकासमा गुणात्मक फड्को मार्न महिला सशक्तीकरणको मुद्दालाई द्रुततर ग तिमा कार्यान्वयन गर्न आवश्यक छ । राष्ट्रको आधाभन्दा बढी जनसङ्ख्यालाई पछाडि नै छाडेर नेपाल कुनै पनि हालतमा समुन्नत बन्ने छैन । लैङ्गिक सन्तुलनको अभावमा लोकतन्त्र नै असन्तुलित र त्रुटिपूर्ण हुने स्वत: छर्लङ्ग छ । त्यसैले लैङ्गिक सन्तुलन निर्माण गर्ने प्रमुख आधार महिला सशक्तीकरण नै हो ।

हरेक वर्षको ८ मार्चमा मनाइने गरिएको अन्तर्राष्ट्रिय महिला दिवसका लागि यस वर्ष संयुक्त राष्ट्रसङ्घले 'सबै महिला तथा किशोरीका लागि : अधिकार, समानता, सशक्तीकरण' भन्ने मूल नारालाई अघि सारेको छ । अधिकार, समानता र सशक्तीकरणबिच अन्योन्याश्रित सम्बन्ध हुन्छ । यस सम्बन्धमा विचार निर्माणदेखि नीति निर्माण हुँदै कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनको चरणसम्मै मिडियाले खेल्नुपर्ने भूमिका अहम् हुने हुँदा विशेषत: महिला सशक्तीकरणमा मिडिया अन्तर्वस्तुबारे केही विमर्श गर्नु सान्दर्भिक छ ।

महिला सशक्तीकरण र मिडिया अन्तर्वस्तु

जुनसुकै लक्षित समुदायको सशक्तीकरणको प्रक्रिया पनि मूलत: त्यस समुदाय अन्तर्गतका मानिसका आफ्नै मानसिक दासताविरुद्ध आफ्नै मनको निर्णयले गरिने विद्रोहबाट सुरु हुन्छ । सुषुप्त मनलाई ब्युँझाउन र गतिशील बनाउन वर्यक्तिक, अन्तर व्यक्तिगत, समूहगत, साङ्गठनिकलगायतका तहमा प्राप्त अनुभव, सूचना, उत्प्रेरणा जस्ता तत्वले देखिने वा नदेखिने भूमिका खेलेका हुन्छन् । आफैंले आफैंसँग प्रश्न गर्नु, आफैंभित्र चिन्तन मन्थन गर्नु, कल्पना गर्नु, निर्णय गर्नु आदि मनभित्र सम्पन्न हुने वैयक्तिक सञ्चारका क्रियाकलाप हुन् । मानवको उत्थान/अवसानमा वर्यक्तिक सञ्चार प्रक्रियाको विशेष भूमिका हुन्छ । वैज्ञानिक, साहित्यकार लगायत समाजका पात्रले यस औजारको पर्याप्त प्रयोग गर्छन् । अन्य व्यक्ति, समूह, संस्था वा अन्य जुनसुकै स्रोतबाट प्राप्त सूचनालाई व्यक्तिले आफ्नो मनभित्र प्रशोधन तथा विश्लेषण संश्लेषण गर्नु व्यक्तित्व निर्माणको महत्वपूर्ण पूर्वाभ्याससमेत हो, जुन मानसिक सिक्री चुँडाल्ने निर्णायक औजार पनि हो । शिक्षामा सबैको गुणस्तरसहितको पहुँचको मुद्दालाई जोड दिने गरिएको हो । शिक्षा घोक्ने कर्मकाण्ड मात्र नभई खोज्ने, सोध्ने, भोग्ने, सोच्ने, तौलने, परीक्षण गर्ने तथा मानसिक र नैतिक परिपोषण गर्ने प्रक्रियासमेत हो । यस प्रक्रियासँग महिला सशक्तीकरणको मुद्दा स्वत: गाँसिन आइपुग्छ । मिडियाले छनोट गर्ने अन्तर्वस्तु र सम्प्रेषण गर्ने सूचनाले महिला सशक्तीकरणका पक्षमा अनौपचारिक शिक्षाको काम गर्छ ।

नि:सन्देह मिडिया राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनका लागि एक कुँजी र ऐना दुवै हो । विशेषत: सूचना तथा सञ्चार प्रविधि र इन्टरनेटमा आएको व्यापकताले नेपाली महिलाको वैश्विक संलग्नता बढेको छ । आधारभूत तहमा बाँच्ने नेपाली महिलाले पनि आफ्ना विकासका असीमित सम्भाव्यता रहेको बुझ्न थालेका छन् । उनीहरूले आफ्ना लागि अवसर र विकल्प देख्न थालेका छन् । कथा, व्यथा र बाध्यता तथा कारण आआफ्ना होलान् यद्यपि चुलोचौकामा अल्झिएका ग्रामीण महिलासमेत अज्ञात जोखिमको सामना गर्दै कठोर श्रम गर्न विदेश हानिएका हुन्छन् । यो नेपाली महिलाको जीवनमा छाउँदै गरेको परिवर्तनको द्योतक हो, यद्यपि नेपाल उत्पादन र रोजगारी सिर्जनामा परनिर्भर रहेको सङ्केत पनि यसले दिएकै छ । आर्थिक पक्ष यसमा उत्प्रेरक देखिए पनि मिडियामार्फत भइरहेको सामाजिकीकरण विचारणीय छ । आफ्नो घरमै जीवनभरि दु:ख भोग्न तयार महिलामा दुई/चार वर्ष विदेशमा पनि चुनौतीपूर्ण जीवन व्यतीत गर्ने मानसिकता बन्नुले नेपाली महिला परिवर्तनप्रति उत्प्रेरित र आँटिला छन् भन्ने दर्साउँदैन र ?

नेपालको संविधान २०७२ ले महिला सशक्तीकरणका लागि महत्वपूर्ण व्यवस्था गरेको छ, जसको कार्यान्वयन चुनौतीपूर्ण भए पनि पछि हट्न मिल्ने देखिँदैन । विशेष गरी धारा ४२, ८४ र ८६ मा भएका प्रावधानले महिला सशक्तीकरणमा विशेष बल पुऱ्याउँछन् । सङ्घीय संसद् तथा स्थानीय तह जस्ता राज्यका अङ्गमा न्यूनतम ३३ प्रतिशत महिलाको प्रतिनिधित्व हुनुपर्ने संवैधानिक प्रावधानले पहुँच र सहभागितालाई बढाउँछ । यसले पनि सशक्तीकरणको लामो फड्को मार्न सघाउने देखिन्छ । महिलाको समानुपातिक प्रतिनिधित्वको संवैधानिक प्रावधानको दुरुपयोगलाई रोक्नु आवश्यक छ । दुरुपयोग रोक्ने ठोस संशोधनसहित सो प्रावधानको सदुपयोग हुने हो भने महिला सशक्तीकरणमा ठोस मद्दत पुग्ने छ । महिलाको संसद् र स्थानीय तहमा न्यूनतम ३३ प्रतिशत राजनीतिक प्रतिनिधित्व हुनुपर्ने संवैधानिक प्रावधानका कारण स्थानीय तहमा बढेको महिला सहभागिता सकारात्मक छ । सङ्ख्यात्मक सन्तुष्टिमै अल्झिने हो इन । अधिकांश स्थानीय सरकारमा सहभागी हुन पुगेका महिला प्रतिनिधि निर्णय प्रक्रियामा प्रभाव पार्न सक्ने स्थितिमा भन्दा पनि गरिएका निर्णयको साक्षी मात्रै बन्ने परिस्थिति रहेको भन्ने अहिलेको गुनासो छ । मुख्यत: स्थानीय सरकारका निर्णय गर्ने तहमै विद्यमान संवैधानिक व्यवस्था अनुसार को प्रतिनिधित्व गराउन राजनीतिक नेतृत्वपङ्क्तिलाई निरन्तर मानसिक दबाव (जुन उनीहरूका निम्ति मनो वैज्ञानिक ऊर्जा पनि हो) आवश्यक पर्छ । सोका लागि समग्रमा मिडियाले अपनाउने अन्तर्वस्तु असरदार हुन्छन् । संविधानमा समेटिएका अन्य आर्थिक तथा सामाजिक अधिकारका सम्बन्धमा मिडियाले सचेतना बढाउने कार्य गरिरहेको छ । महिलाका शिक्षा, स्वास्थ्य, उद्यमशीलताका पक्षमा र विभेद, हिंसा र महिला बेचबिखन, कुप्रथाविरुद्ध हुने मिडिया पैरवीले महिला सशक्तीकरणकै प्रवर्धन गरिरहेको छ । समय समयमा हुने महिला पक्षीय मिडिया अभियानले महिला सशक्तीकरणसम्बन्धी सार्वजनिक बहसलाई सहजीकरण गरिरहेको छ । तैपनि सन्तोष मानेर बस्ने स्थिति पक्कै छैन । मिडिया आउटलेटको भारी वृद्धिसँगै ज्ञातअज्ञात चुनौती पनि बग्रेल्ती छन् । खास गरी इन्टरनेट र डिजिटल प्रविधिले मिडिया परिदृश्यमा ल्याएको व्यापक परिवर्तनले नेपाली समाजले पनि आफ्नो ध्येय, परिकल्पना र चित्तको सजगतालाई ...(गोपबाट)

कर्णाली प्रदेश सरकार
उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय
उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय
डोल्पा
csidbdolpa@gmail.com

प.सं.२०८१/०८२
च.नं.

मितीः२०८१।११।१९

सुचना सुचना सुचना

विषयः जो जससंग सम्बिन्धत छ ।

प्रस्तुत विषयमा ठुलीभेरी न.पा.७ डोल्पामा संचालन गर्ने गरी यस कार्यालयमा दर्ता रहेको दर्ता नं.१०३३ को ज्ञानेन्द्र होटलको प्रो श्री विष्णु कुमारी शाहीले उक्त उद्योग खारेज गरिपाउँ भनि मिति २०८१।११।१९ गते यस कार्यालयमा निवेदन दिनु भएको हुँदा उक्त फर्मले कुनै बैंक कार्यालय स्थानिय निकाय सहकारी संस्थाहरु वित्तिय संस्थाहरु र व्यक्तिहरुले कुनै आर्थिक कारोवार वा लिनुदिनु केही भएमा दर्ता खारेजी रोक्काको लागी निवेदनको सुचना प्रकाशन भएको ३५ दिनभित्र रोक्काको लागी यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।साथै समयमै निवेदन पर्न नआएमा व्यापार व्यवसाय ऐन र नियमावली बमोजिम उक्त फर्म उद्योग दर्ता खारेज भई जाने व्यहोरा जानकारी गराइन्छ ।

खिम प्रकाश शाह

दर्ता नं.१०३३ को ज्ञानेन्द्र होटलको प्रो श्री विष्णु कुमारी शाहीले उक्त [illegible]

कार्यालय प्रमुख